आज मिति २०८२ साल पौष महिनाको १६गते बुधवारको **दिन**, यस छविसपाथिभेरा गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाको ***अध्यक्ष श्री बसन्त बहादुर चलाउने ज्युको*** अध्यक्षतामा बैठक बसी तपसिलका पदाधिकारहरुको उपस्थितिमा, देहाय बमोजिमको प्रस्ताव माथि छलफल गरी तपसिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति

| क्र॰ स॰ | नाम र थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री बसन्त बहादुर चलाउने | गा पा अध्यक्ष | | |
| २ | श्री लछिमन बोहरा | गा पा उपाध्यक्ष | | |
| ३ | श्री संजय कुमार यादव | सचिव | | |
| ४ | श्री करनजंङ्ग बहादुर सिंह | वडा अध्यक्ष १ | | |
| ५ | श्री पविन्द्र बहादुर मन्डेल | वडा अध्यक्ष २ | | |
| ६ | श्री श्याम बहादुर सिंह | वडा अध्यक्ष ३ | | |
| ७ | श्री अम्मरराज थापा | वडा अध्यक्ष ४ | | |
| ८ | श्री झलक बहादुर धामी | वडा अध्यक्ष ५ | | |
| ९ | श्री गजेन्द्र कुमार बुढा | वडा अध्यक्ष ६ | | |
| १० | श्री बिजय बहादुर धामी | वडा अध्यक्ष ७ | | |
| ११ | श्री अरुण बिक | कार्यपालिका सदस्य | | |
| १२ | श्री आशाकुमारी थापा कठायत | कार्यपालिका सदस्य | | |
| १३ | श्री सरस्वती सिंह रेग्मी | कार्यपालिका सदस्य | | |
| १४ | श्री बिमाला देवी बिक | कार्यपालिका सदस्य | | |
| १५ | श्री अन्जना बोहरा | कार्यपालिका सदस्य | | |
| १६ | श्री मिन्जु कुमारी कडायत | कार्यपालिका सदस्य | | |
| १७ | श्री सिद्धराज भण्डारी | आमन्त्रित | | |
| १८ | श्री दिपक थापा | का स | | |

अनुसुची–१

( कार्यविधिको दफा ७ को उप दफा १ संग सम्बन्धित )

छविसपाथिभेरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कार्यसूची ,समय र तालिका

बैठक संख्या –४( चार ) , आ व २०८२।०८३ | बैठक स्थान – छविसपाथिभेरा गाउँपालिका–सभाहल

अध्यक्षता – श्री बसन्त बहादुर चलाउने | मिति –२०८२।०९।१६ गते,बुधबार

| क स | मिति | बैठक बस्ने समय | कार्यसुची | कार्यसुची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८२।९।१६ गते | दिउसो ११ :०० बजे | १.बेरुजु फछ्यौंट कार्यविधि २०८२ सम्बन्धमा। | अध्यक्ष | |
| २ | | | २.नुन ढुवानीको अनुदानको भुक्तानी दिने सम्बन्धमा। | | |
| | | | ३. आ.व. २०८१।०८२ मा सुचिकृत भएका बेरोजगार लाभग्राहीहरुलाई चालु आ व मा उक्त बेरोजगार लाभग्राहीहरुलाई काममा लगाउने सम्बन्धमा। | | |
| | | | ४. विर्सति मेलामा खेलाडी लगायत अन्य ब्यवस्थापनमा सम्बन्धमा। | | |
| | | | ५. तुफानडाडा खानेपानी मर्मतको भुक्तानी सम्बन्धमा। | | |
| | | | ६.गाउँपालिकाका जे सि वि, एम्बुलेन्स र कृषि एवबुलेन्स प्रयोग गरे बापतको बाक्यौता रकम असुल उपर गर्ने सम्बन्धमा। | | |
| | | | ७बिशेष, समपूरक अनुदानका आयोजना तथा कार्यक्रमहरुको प्रस्तावना पेश गर्ने सम्बन्धमा। | | |

## निर्णयहरु,

प्रस्ताव नं –१ माथि छलफल गर्दा, यस छविसपाथिभेरा गाउँपालिका विधायन समितिले पेश गरेको बेरुजु फछ्यौंट कार्यविधि —२०८२ माथि ब्यापक दफावार छलफल गरि उक्त कार्यविधिलाई आज बसेको बैठकले अनुमोदन गर्ने निर्णय सर्वसम्मत पारित गरियो

प्रस्ताव नं –२ माथि छलफल गर्दा, यस छविसपाथिभेरा गाउँपालिकामा ४०० क्विन्टल आयोडिन युक्त नुन गाउँपालिकाको विभिन्न टोलमा नुन ढुवानी गरेकोले ढुवानी बापतको ढुवानी रकम कन्टेजेन्सी शिर्षकबाट भुक्तानी दिने भन्ने निर्णय पारित गरियो।